# नेपाल सरकार
# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं


## लोक सेवा आयोगको ६८ औं बार्षिकोत्सव मनाउने सन्वन्धी
## प्रेस विज्ञप्ती

लोक सेवा आयोगको ६८ औं बार्षिकोत्सव मनाउने सन्दर्भमा आयोगको गतिविधि प्रचार प्रसारको लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रायको सचिव श्री महेन्द्रमान गुरुङ्गज्यूको संयोजकत्वमा विद्युतीय आमसञ्चार माध्यम, छापा माध्यमका प्रतिनिधि र मन्त्रालय अन्तर्गतका निकायका प्रमुखहरुको उपस्थितिमा बसेको बैठकले देहाय बमोजिमका कार्यक्रमहरु गरी **लोक सेवा आयोगको ६८ औं बार्षिकोत्सव २०७५** यही २०७५ साल असार १ गते मनाउने र प्रचार प्रसार गर्ने सम्वन्धमा निर्णय गरिएकोले सबैको जानकारी लागी यो प्रेस विज्ञप्ती जारी गरिएको छ।

१. लोक सेवा आयोगको बार्षिकोत्सव यही २०७५ साल असार १ गते भव्यताका साथ मनाउने सन्दर्भमा आयोगको गतिविधिहरु प्रचार प्रसार गर्न निजी तथा सरकारी आमसञ्चारमाध्यमहरुलाई सार्वजनिक अपिल गर्ने ।

२. राष्ट्रियस्तरका पत्रपत्रिकाहरुमा लोक सेवा आयोगको बार्षिक उत्सव सम्वन्धी विशेषांक/ स्मारिकाको रुपमा प्रकाशन गर्ने । साथै लोक सेवा आयोगको बहुपक्षीय आयामलाई उजागर गर्ने विभिन्न लेख रचनाहरुको संगालो प्रकाशन गर्नको लागि अनुरोध गरी पठाउने ।

३. लोक सेवा आयोगको बार्षिक उत्सव सम्वन्धी शुभकामना/सन्देश आफ्ना सेवाग्राहीहरुको मोबाइलमा **"लोक सेवा आयोगको प्रतिवद्धता योग्यता, स्वच्छता र निष्पक्षता"** भन्ने SMS दूर सञ्चार सेवा प्रदायकहरुबाट पठाउने व्यवस्था नेपाल दूरसञ्चार प्राधिकरणले मिलाउने ।

४. सुचाना विभागबाट वर्गीकरणमा परेका सबै पत्रपत्रिकाहरुमा निम्न बमोजिमका विज्ञापनहरु साताभरी प्रकाशन गर्ने व्यवस्था मिलाउनेः-

**क)** **लोक सेवा आयोगको प्रतिवद्धता**
**योग्यता, स्वच्छता र निष्पक्षता ।**

**ख)** **लोक सेवा आयोगको दृढ अठोट**
**स्वच्छ, निष्पक्ष र प्रतिस्पर्धात्मक छनौट ।**

**ग)** **लोक सेवा आयोगको अग्रगामी सोंच**
**आधुनिक परीक्षण प्रविधिको प्रयोगबाट योग्यतम व्यक्तिको छनौट ।**

५. विभिन्न संघ संस्थाहरुले सम्पन्न गर्ने कार्यक्रमहरुः-

क. सामुदायिक रेडियो प्रसारक संघ, ब्रोडकास्टिङ्ग एसोसिएसन अफ नेपाल र रेडियो ब्रोडकास्टर्स फोरम नेपालले आफू मातहतका एफ.एम. रेडियोहरुबाट लोक सेवा आयोगको बार्षिक उत्सव सम्वन्धी खबर प्रसारण (Coverage) र परिसंवाद कार्यक्रम प्रसारण गर्ने ।

ख. गोरखापत्र संस्थान- लोक सेवा आयोगको बार्षिक उत्सव सम्वन्धि विशेषांक, अन्तरवार्ता प्रकाशन गर्ने ।

ग. नेपाल टेलिभिजन- लोक सेवा आयोगको बार्षिक उत्सव सम्वन्धी समाचार प्रसारण तथा परिसंवाद कार्यक्रम सञ्चालन/प्रसारण र बार्षिकोत्सवको बारेमा Scrolling मा प्रसारणको व्यबस्था मिलाउने।

घ. रेडियो नेपाल- लोक सेवा आयोगको बार्षिक उत्सव सम्वन्धी आधा घण्टाको परिसंवाद, अन्तरक्रिया र खबर प्रसारण (Coverage) गर्ने ।

ङ. मिडिया सोसाइटि नेपाल- आफ्ना सदस्य संस्था टेलिभिजनहरुमा बार्षिकोत्सवको सम्वन्धमा Scrolling मा प्रसारणको व्यबस्था मिलाउने र पत्रपत्रिकाहरुमा लोक सेवाको बारेमा समाचार प्रकाशन गर्ने।

(रामचन्द्र ढकाल)
सह-सचिव एवं प्रवक्ता

२०७५ जेठ २८ गते, सोमबार